# नेपाल राष्ट्र बैंक

## सिद्धार्थनगर कार्यालय

### नेटवर्किङ्ग र सो सम्वन्धी एसेशोरिजहरु खरिद गर्ने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७३/१२/७**

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम देहाय अनुसारका नेटवर्किङ्ग आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस बैंकको सिद्धार्थनगर कार्यालय रुपन्देहीबाट तपशिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिनेछ ।

| सि.नं. | सामानको विवरण | आवश्यक संख्या | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| १ | नेटवर्किङ्ग र सो सम्बन्धी एसेशोरिजहरुको आपुर्ति तथा जडान | १ सेट (आवश्यक एसेशोरिजहरु) | ५००।- (पांच सय मात्र) | १५,०००।- (पन्ध्र हजार मात्र) | सिलबन्दी दर्ता |

२ दरभाउपत्र फाराम साथ माथि उल्लेखित दरभाउपत्र जमानत रकम यस कार्यालय स्थित खाता नं १९०९९९९/०११-००२-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

३ दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको दिउँसो १२:०० बजेभित्र यस बैंकको सिद्धार्थनगर कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । दरभाउपत्र फारम बुझाउंदा सिलबन्दी खामको बाहिर नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरलाई सम्बोधन गर्नु पर्नेछ ।

४ दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन दिउंसो २:०० बजे यस कार्यालयमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/संस्था/कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

५ दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ :

(क) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति,

(घ) आ.ब.२०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रतिलिपी ।

६ दरभाउपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र दरभाउपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

७ यसै सूचनाको दफा ५ बमोजिमका कागजातहरु संलग्न नभएको, विभिन्न शर्तहरु उल्लेख गरेको दरभाउपत्र कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) बमोजिम रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८ दरभाउपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय दरभाउपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

९ यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा समेत हेर्न सकिनेछ । यस सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको सयमभित्र यस कार्यालयको आन्तरिक प्रशासन फांट, (फोन नं. ०७१-५२०२६८) सिद्धार्थनगर रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ ।

**नेपाल राष्ट्र बैंक,**
**सिद्धार्थनगर कार्यालय**